दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ६५ | बुटवल | २०८० फागुन १७, गते बिहीबार | नेपाल संवत ११४४ | Thursday Feb. 29, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

'रातको समयमा अरु सवारी साधन लाई बाधा हुने गरी High लाइटको प्रयोग नगर्नुहोस् ।'
प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

# तिनाउ सहित १५ नदी प्रणालीमा जलपन्छी गणना

**चराविद् भन्छन्: तिनाउ, जगदिशपुरजस्ता क्षेत्रमा मानवीय गतिविधि उल्लेख्य बढेको छ। यसले पन्छीको वासस्थानलाई ठूलो असर पुगेको छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

हिउँद याममा गरिने जलपन्छीको गणनाको काम ८० प्रतिशत सकिएको छ । पाल्पा-रुपन्देहीको तिनाउसहित देशका १५ वटा नदी प्रणालीमा सुरु भएको थियो । हालसम्मको प्रारम्भिक नतिजाले विगतको तुलनामा घट्ने संकेत देखिएको पन्छीविद्हरु बताउँछन् ।

देशभरका ताल, तलैया, नदी, नाला, सिमसार क्षेत्रमा पाइने चराको गणनाको काम झण्डै ८० प्रतिशत सकिएको हो । देशभरका ३०० पन्छीविद् तथा चरा अवलोकनकर्ता पन्छी गणनामा खटिएका छन् ।

गणको विस्तृत रिपोर्ट आउन केही साता लाग्ने चरा गणनाका राष्ट्रिय संयोजक चराविद् डा. हेमसागर बरालले बताए । हिमाली प्रकृति संस्थाको अगुवाइमा चलिरहेको ३७औं जलपन्छी गणनामा विभिन्न जिल्लामा रहेका चराको क्षेत्रमा काम गर्ने संस्थाले समन्वय गरिरहेका छन् । जलपन्छी गणनमा खासगरी पानीमा आश्रित हाँसका प्रजाति, बकुल्लाका प्रजाति, गरुडका प्रजाति, हुटिट्याउँलगायत चरा गणना गरिन्छ । गत वर्ष जगदीशपुरमा १० हजार मात्र चरा देखिएका थिए । जबकि, नेपालकै चराको राम्रो बासस्थान मानिने यो तालमा पाँच वर्षअघि २३ हजार चरा गणना गरिएको थियो । अहिलेको गणनाबाट जलपन्छीको अवस्था खस्कदैं गएको देखिनसक्ने बराल बताउँछन् । उनी भन्छन्-'तिनाउ, जगदिशपुरजस्ता क्षेत्रमा मानवीय गतिविधि उल्लेख्य बढेको छ । यसले पन्छीको वासस्थानलाई ठूलो असर पुगेको छ ।'

उत्तरी गोलार्द्धका रुस, मंगोलिया, कजाकस्तान, किर्गिस्तान तथा चीनको उत्तरी भेगमा हिउँ पर्ने भएकाले त्यो क्षेत्रमा बस्ने चरा आहारा र गर्मी खोज्दै आउनेका छन् । हिँउदमा नेपाल लगायतका देशमा आउने अधिकांश चरा प्रजाति हाँस परिवारका छन् । जसमा कैलो टाउको हाँस, सुइरोपुच्छे हाँस, मालक हाँस, खोया हाँस, नादुन हाँसलगायत छन् ।जलपन्छी झिसमिसेमा खेतबारीमा आहार खाएर पानीमै बस्न आउने हुँदा गणना पनि तुलनात्मक रुपले सहज हुन्छ । गणना गर्दा दूरविनको प्रयोग गरी एउटै चरा दुई पटक गणना नहुने निश्चित गरिन्छ । चरा गन्ती अभियान तिनाउसहित दानव, पश्चिम राप्ती, कोशी, बागमती, मनोहरा, कर्रा, राप्ती, नारायणी, खगेरी, ढुङ्गे, तेलार, विजयपुर, पश्चिम राप्ती, कर्णाली र महाकाली गरी १५ वटा नदी प्रणाली सञ्चालन भइरहेको छ। 'रामसार क्षेत्रमा गणना भइसकेको छ। रारा बाँकी छ। जगदीशपुरदेखि अन्य सबै सीमसार क्षेत्रमा गणना सकिएको छ ।'- बरालले भने । रारा ताल महत्त्वूर्ण पन्छी क्षेत्र भए पनि हिँउ जमेका कारण गणना हुन नसकेको बरालले बताए । गणनाको प्रारम्भिक नतिजा हेर्दा समग्रमा चराहरुको संख्या घट्दो क्रममा देखिएको उनले बताए । 'चितवन क्षेत्रमा चराको संख्या लगभग उस्तै देखिन्छ । अरु सबै क्षेत्रमा घटेको वा बढेको हुनसक्छ,' बराल भन्छन्-'जगदीशपुरमा पनि घटेको आशंका छ ।'

» बाँकी २ पेजमा

# सुस्तालाई गण्डकीमा गाभ्न संकल्प प्रस्ताव



सुस्ता क्षेत्र

बुटवल । नवलपरासी पूर्वको सुस्ता गाउँपालिकालाई गण्डकी प्रदेशमा फिर्ता ल्याउन माग गर्दै नेकपा एमालेले गण्डकी प्रदेशसभा सचिवालयमा संकल्प प्रस्ताव दर्ता गराएका छन् ।संविधान निर्माणका बेला नवलपरासी जिल्लालाई विभाजन गरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेशमा र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लुम्बिनी प्रदेशमा रहने गरी भूगोल निर्धारण गरिएको थियो ।

सीमा हेरफेर गरी सुस्ता गाउँपालिका लुम्बिनीमा परेको भन्दै फिर्ता ल्याउन एमाले गण्डकी प्रदेश संसदीय दलका नेता अधिकारीको तर्फबाट प्रमुख सचेतक गोविन्द नेपालीले गण्डकीको संसद सचिवालयमा बुधबार संकल्प प्रस्ताव दर्ता गराएका हुन् । अहिले लुम्बिनी प्रदेशअन्तर्गत रहेको सुस्ता गाउँपालिकाको २०७४ साल असार ३० गते बसेको पदाधिकारीहरुको पहिलो बैठकले सुस्ता गाउँपालिकालाई गण्डकी प्रदेशमा नै राख्न माग गर्ने निर्णय गरेको थियो । तर, सरकारले बेवास्ता गरेको भन्दै एमालेले संकल्प प्रस्ताव ल्याएको हो ।गत साल फागुन ५ गते गण्डकी प्रदेश विकास समस्या समाधान समितिको बैठकमा पनि यो विषयमा छलफल भएको थियो । तत्कालीन मुख्यमन्त्री अधिकारीकै अध्यक्षतामा बसेको बैठकले सीमाबारे समन्वय गर्ने निर्णय गरेको थियो । तर, संविधानको मर्मविपरीत एउटा पालिका नै अर्को प्रदेशमा पर्दा पनि सरकार गम्भीर नभएपछि संकल्प प्रस्ताव नै दर्ता गराएको अधिकारीको भनाइ छ । सुस्ता र विनयी-त्रिवेणी गाउँपालिका तथा प्रदेशको सीमाको परिवर्तन कहिले, कुन प्रक्रिया र कुन कानुनी व्यवस्थाअनुसारको निर्णयबाट भएको हो त्यसको अध्ययन गरी यथाशीघ्र सभा समक्ष प्रस्तुत गर्न र गण्डकी प्रदेशले गुमाएको भुगोल फिर्ता ल्याउन कानुनी प्रक्रिया अगाडि बढाउन प्रदेश सरकारलाई निर्देशन दिन संकल्प प्रस्ताव दर्ता गराएको अधिकारीले बताएका छन् । नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले एमालेले प्रस्ताव लैजानुअघि सल्लाह नगरेको बताए । 'प्रदेशसँग महत्व राख्ने विषयमा संकल्प प्रस्ताव दर्ता गर्नुअघि छलफल गरेर साझा धारणा बनाएर जाऔं भन्ने हाम्रो प्रस्ताव थियो । यो गण्डकी प्रदेश सरकारको अधिकार क्षेत्रको कुरा पनि होइन । संघसँग पनि छलफल गर्नुपर्ने होला ', न्यौपानेले भने- 'अब कसरी अगाडि बढ्ने भन्ने दलमा छलफल गर्छौं ।' २०७३ साल फागुन २७ गते खण्ड ६६ संख्या ५८ भाग ४ को नेपाल राजपत्रको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचनाअनुसार साविक त्रिवेणी सुस्ता गाविसका सबै वडालाई त्रिवेणीसुस्ता गाउँपालिकाको वडा नं. ५, ६ र ७ कायम गरेको थियो । २०७४ साल बैशाख १८ गते खण्ड ६७ संख्या ०३ भाग ५ को नेपाल राजपत्रको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको भूलसुधारसम्बन्धी सूचना समेत यो पलिकाको वडा संख्या परिवर्तन भएको देखिएको छैन । २०७४ साल जेठ ११ गते खण्ड ६७ संख्या ०७ भाग ४ को नेपाल राजपत्रको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको विभिन्न जिल्लामा रहेका गाउँपालिका तथा नगरपालिकाको हेरफेरसम्बन्धी सूचनामासमेत यो पलिकाको वडा संख्या परिवर्तन भएको नदेखिएको अधिकारीको भनाइ छ ।हाल कायम रहेको भौगोलिक तथा राजनीतिक विभाजनमा त्रिवेणी सुस्ता गाउँपालिकाको वडा नं. ६ र ७ (साविक त्रिवेणी सुस्ता गाविसको वडा नं. १-३ र ५-९) लाई विनयी गाउँपालिकामा मिसाई हाल विनयी-त्रिवेणी गाउँपालिका कायम गरिएको छ ।

» बाँकी २ पेजमा

# बैंकदर एक अंकमा झर्छ: अर्थमन्त्री



परासी । नेपाल सरकारका संघीय अर्थमन्त्री डा.प्रकाशशरण महतले नेपालको अर्थतन्त्र सुधारतर्फ उन्मुख रहेको बताएका छन् । नवलपरासी उद्योग वाणिज्य संघको आयोजनामा पश्चिम नवलपरासीको सदरमुकाम परासीमा छैठौं नवलपरासी औद्योगिक व्यापार मेलाको उद्घाटन गर्दै अर्थमन्त्री महतले अर्थतन्त्र सुधारको बाटोमा अघि बढिरहेकोबताएका हुन् । उनले भने-'व्याजदर पनि घटेर ११ को हाराहारीमा पुगेको छ, अब केही समयपछि एकल विन्दुमा झर्छ ।'अर्थतन्त्र सुधार गर्न सरकार लागिपरहेको बताउँदै अर्थमन्त्री महतले विचार पुऱ्याएर लगानी गर्न आह्वान गरेका छन् । अर्थमन्त्री महतले अहिले राजस्व पनि दश प्रतिशतले बढेको उल्लेख गरे । उनले भने -'सरकारको तर्फबाट म आह्वान गर्न चाहन्छु, अब आत्मविश्वास बढाऔं, अर्थतन्त्र अघि बढ्छ, अरुको देखासिकी भन्दा पनि विचार पुऱ्याएर लगानी गरौं, त्यो भएमा उत्पादन र रोजगारी बढ्छ, राजस्व पनि बढ्छ, राजस्व बढेपछि राज्यको पनि लगानी गर्ने क्षमता बढ्छ ।'

अर्थमन्त्रीमहतले पश्चिम नवलपरासीकै ठूलो महेशपुर भन्सारमा एक्जिम कोड, क्वारेन्टाइन लगायतका पूर्वाधारको लागि पहल गर्ने आश्वासन दिए । महेशपुरदेखि परासी हुँदै सुनवलको चार लेन सडक विस्तारमा भइरहेको ढिलासुस्ती समाधान गर्ने, ओझेलमा रहेको रामग्राम स्तूपको उचित विकास गरी विश्वमाझ चिनाउन पहल गर्ने समेत अर्थमन्त्री महतले बताए । कार्यक्रममा नवलपरासी उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश अग्रहरिले जिल्लाको आर्थिक विकासमा देखिएका समस्याहरु समाधान गर्न अर्थमन्त्री महतको ध्यानाकर्षण गराएका थिए । अध्यक्ष अग्रहरिले महेशपुर भन्सारमा एक्जिम कोड, क्वारेन्टाइन नहुँदा आयतमा समस्या भोग्नुपरेको, मेहशपुरदेखि परासीसम्मको औद्योगिक करिडोर सडक निर्माण यथाशिघ्र निर्माण गर्नुपर्ने, विगतमा तरलताका कारण धरासायी बनेको उद्योग व्यवसाय क्षेत्रलाई राहत घोषणा गर्नुपर्ने, व्याजदर एकल विन्दुमा झार्नुपर्ने तथा रामग्राम स्तूप, पण्डितपुरलगायतका क्षेत्रको उचित विकासमा जोड दिन आग्रह गरेका थिए ।

कार्यक्रममा पूर्व गृहराज्यमन्त्री देवेन्द्रराज कँडेल, लुम्बिनी प्रदेशसभा सदस्य बैजनाथ जयसवाल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य केशवप्रसाद भण्डारी, जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष धरेन्द्र यादव, नेपाल पत्रकार महासंघका जिल्ला सचिव राजकुमार रेश्मी, नवलपरासी उद्योग वाणिज्य संघका उपाध्यक्ष गिरीराज पाण्डेलगायतले मेलाको सफलताको शुभकामना व्यक्त गरेको नवलपरासी उद्योग वाणिज्य संघकी महासचिव तारा आचार्यले जानकारी दिइन ।

# कालीगण्डकी-तिनाउ डाइभर्सन खारेज गर्न माग

बुटवल । कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय परियोजना खारेजीको माग गर्दै नेकपा एमालेका सांसद सुधीरकुमार पौडेलले गण्डकी प्रदेशसभा सचिवालयमा संकल्प प्रस्ताव दर्ता गराएका छन् ।गण्डकी प्रदेश सरकार र स्थानीय तहसँग समन्वय नगरी संघीय सरकारले एकतर्फी रुपमा सुरु गर्न लागेको परियोजना खारेजीका लागि दबाब दिन प्रदेशसभाबाट संकल्प प्रस्ताव पारित गराउने उद्देश्य रहेको स्याङ्जाका एमाले सांसद पौडेलले बताए ।

गण्डकी प्रदेशको स्याङ्जा र लुम्बिनी प्रदेशको पाल्पा जिल्लाको सिमाना राम्दी पुलभन्दा २.२ किलोमिटर तल रम्भा गाउँपालिका पीपलडाँडामा बाँध बनाउने योजना छ । त्यहाँबाट २७ किलोमिटर लामो सुरुङमार्फत् पाल्पाको तिनाउ गाउँपालिका-१ दोभानमा पानी झारेर १३२.९ मेगााट बिजुली निकाल्ने र रुपन्देही र कपिलवस्तुका ६३ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने संघीय सरकारो योजना छ ।

'खेतीयोग्य जमिन सिँचाइको अभावमा खण्डहर हुने, पानीका स्रोत सुक्दै जाने, नदी स्रोतमा आश्रित जनताहरुको आयआर्जनको बाटो बन्द हुने तथा पवित्र धार्मिक स्थल देवघाटधामको धार्मिक तथा पुरातात्विक महत्व ह्रास हुनेजस्ता खतरा छन् ।'- एमाले सांसद पौडेलले भने । यो परियोजना कालीगण्डकी किनार आसपासका बासिन्दाको हितमा नरहेको र वातावरणीय, धार्मिक र सांस्कृतिक रुपमा पनि उचित नरहेकाले खारेजीका लागि संकल्प प्रस्ताव दर्ता गराइएको सांसद पौडेलको भनाइ छ ।

कालगण्डकी डाइभर्सन परियोजना गण्डकी प्रदेशको अधिकार क्षेत्र नभए पनि खारेजीका लागि संघलाई दबाब दिन खोजिएको उनले बताए । नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वमन्त्री विष्णु पौडेल कालीगण्डकी डाइभर्सन योजना अघि बढाउनुपर्ने पक्षमा छन् । ०६५ सालमा पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा जलस्रोत मन्त्री हुँदा एमाले नेता पौडेलले कालीगण्डकी डाइभर्सन प्रक्रिया अगाडि बढाएका थिए ।

२०६८ असारमा यो परियोजनाको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको थियो । प्रतिवेदन अनुसार सिँचाइका लागि कुल १८ अर्ब ४८ करोड, १८ लाख २२ हजार र जलविद्युत् आयोजनातर्फ २१ अर्ब, ६२ करोड, ३० लाख लागत लाग्ने अनुमान गरिएको छ ।

२०७०/०७१ साल यता सरकारको नीति तथा कार्यक्रम र बजेटमा कालीगण्डकी-तिनाउ डाइभर्सनको योजना समेटिँदै आएको छ । त्यस्तै दोभानबाट बुटवलको बेलबाससम्म थप ७ किलोमिटर सुरुङमार्फत् पानी झार्ने र त्यहाँ २६ मेगावाट बिजुली निकाल्ने पनि योजना छ । त्यहाँ झारिने पानीबाट रुपन्देही र कपिलवस्तुमा १ लाख हेक्टर जमिन सिँचाइ गर्ने योजना छ । यसका लागि १ खर्ब ८० अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ ।

» बाँकी २ पेजमा



## सम्पादकीय

# जनप्रतिनिधिको हुलहुज्जत निन्दनीय

देवदह नगरपालिकाका केही वडाध्यक्षले नगर कार्यपालिकाले गरेका कतिपय निर्णयप्रति असहमति जनाउँदै नगरप्रमुख र प्रमुखकार्यकारी अधिकृतको कार्यकक्षमा तालाबन्दी गर्नुको साटो प्रमुख कार्यकारी अधिकृतमाथि हुलहुज्जत गरेका छन् । कार्यकारी अधिकृतको कार्यकक्षमा तोडफोड समेत गरिएको छ। वडाध्यक्षले गरेका क्रियाकलापले सबैलाई लज्जित बनाएको छ । राजनैतिक रुपमा कतिपय निर्णयमा असहमति हुनसक्छ, ती निर्णयप्रति असहमति राख्ने राजनैतिक ढंगले हो । निर्णयप्रति असहमति भयो भन्दैमा अमर्यादित क्रियाकलाप गर्ने र गुण्डागर्दीमा उत्रने क्रियाकलापले लोकतान्त्रिक प्रणालीकै खिल्ली उडाएको छ।

देवदह नगरपालिकामा अहिले एमाले नेतृत्वको बहुमत छ । प्रमुख, उपप्रमुखसहित बहुमत वडाध्यक्ष एमालेका छन् । कांग्रेसबाट निर्वाचित वडाध्यक्ष अल्पमतमा छन् । तिनै अल्पमतमा रहेका वडाध्यक्षले हुलहुज्जतपूर्ण क्रियाकलाप गरे। कार्यपालिकामा निर्णय सकेसम्म सर्वसम्मत हुन्छ। त्यसो हुन नसकेमा बहुमतको आधारमा लिइन्छ । यो लोकतान्त्रिक व्यवस्थामा स्वाभाविक प्रक्रिया हो । स्थानीय सरकार सञ्चालनका लागि स्थानीय शासन सञ्चालन ऐन छ । यही ऐनका आधारमा स्थानीय सरकार सञ्चालन हुने हो । यो ऐन मिचेर स्थानीय सरकार सञ्चालन भएको छ भने खबरदारी गर्ने हो । गलत निर्णय र काम भए सार्वजनिक रुपमा विरोध गर्ने, ती निर्णय सच्चाउन जनदबाब श्रृजना गर्न सकिन्छ । सार्वजनिक रुपमा हुने विधिसम्मत विरोधको नैतिक बल धेरै हुन्छ । त्यसले बलियो जनदबाब श्रृजना गर्छ। तर त्यसो नगरी एकाएक प्रमुख र कार्यकारी अधिकृतको कार्यकक्षमा तालाबन्दी गर्ने क्रियाकलाप गरेर कांग्रेसबाट निर्वाचित जनप्रतिनिधिले अलोकतान्त्रिक र अमर्यादित व्यवहार देखाएका छन् ।

स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो। सेवा प्रवाहको केन्द्र स्थानीय सरकारलाई मानिन्छ। जहाँ नागरिक निगरानी हुन्छ। नागरिक निगरानी हुने ठाउँमा हुलहुज्जत गर्ने क्रियाकलापले जसले त्यसो गरे, उनीहरुप्रति नागरिकको भरोसा र विश्वास टुट्ने हो। स्थानीय सरकारमा हुने यस्ता क्रियाकलापले सेवा प्रवाहको काम बिथोलिन्छ। सेवा प्रवाहको काममा असर पुगेपछि चुलिने नागरिक आक्रोशको निशाना चर्को हुनसक्छ । त्यसकारण हुलहुज्जत र अमर्यादित क्रियाकलाप होइन्, मर्यादित ढंगले विरोध र असहमति हुनुपर्छ । नागरिकको आक्रोश बढाउने होइन्, नागरिकको साथ पाउने विरोध हुनुपर्छ। भए गरेका कमजोरीप्रति आत्मालोचना गर्दै आगामी दिनमा जनप्रतिनिधिले त्यसतर्फ हेक्का राख्नुपर्छ।

# राजनीतिक उदासीनतामा संघीय निजामती सेवा ऐन



मेघराज शंकर



मुलुकमा संघीयता कार्यान्वयन भएको झन्डै आठ वर्ष भइसक्दासमेत स्थायी सरकारका रूपमा रहने निजामती सेवा संघीय कानुनविहीन अवस्थामा छ। त्यसो त हाल संघीय शासन प्रणालीको सान्दर्भिकताका विषयमा समेत बहस हुन थालेको छ। यसको एउटा कारण संघीयताअनुसार कर्मचारी व्यवस्थापन गर्न नसक्नु पनि हो। विभिन्न स्वार्थ समूहको चलखेल र राजनीतिक उदासीनताले गर्दा हालसम्म ऐन जारी हुन नसकेको यथार्थलाई मनन गर्दै यसबारे गम्भीर विमर्श गर्नु आवश्यक छ।

**संघीय निजामती सेवा ऐनमा जेलिएका विषयवस्तु :**

संघीयताको स्वरूपअनुसार तीन तहमा निजामती सेवालाई व्यवस्थापन गर्न बन्ने नयाँ ऐनले संघीय संरचनासँग कसरी तालमेल गर्ने भन्ने विषय निकै पेचिलो बनेको छ। यस परिस्थितिमा आफ्नो सेवा सुविधा तथा वृत्ति विकास के हुने भन्नेबारे कर्मचारीको विशेष चासो र सरोकार रहने गरेको छ भने राजनीतिक नेतृत्वको आफ्नै बुझाइ र रुझान रहेको छ। कर्मचारीको सेवा, सुविधा, अधिकार तथा वृत्ति विकास र संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक नेतृत्वलगायत विषयवस्तु राजनीति र प्रशासन दुवैको चासोका रूपमा रहेका छन्, तर ऐनमार्फत् निजामती सेवा र सार्वजनिक सेवाको स्तर कस्तो बनाउने भन्ने सवालमा कमै बहस हुने गरेको छ।

प्रदेश सचिव संघबाट खटाउने कि प्रदेशबाट हुने र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहबाटै खटाउने कि संघबाट ? राजपत्रांकित प्रथम श्रेणीमा दश प्रतिशत खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने व्यवस्था कति औचित्यपूर्ण छ ? सबै तहका कर्मचारीको सरुवा प्रणालीलाई वैज्ञानिक तथा व्यवस्थित गर्न ऐनले समेटेको विषय नै पर्याप्त छ या छैन ? तहगत प्रणालीको उपादेयता कस्तो हुने, निजामती सेवामा ट्रेड युनियनको स्वरूप, संरचना र भूमिका के हुने ? कर्मचारीको सेवाअवधि उमेर ५८ वर्षबाट ६० वर्ष बनाउँदाको असर र प्रभाव के हुने भन्ने सवालमा संघीय निजामती सेवा ऐनको बहस केन्द्रित भएको छ। यी विषय निर्क्योल हुन नसक्नुमा विभिन्न तह तथा समूहका कर्मचारीको अन्तरनिहित स्वार्थ जिम्मेवार छ।

**कर्मचारीको स्वार्थ :**

प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघको हुनुपर्छ भन्ने विषयमा विभिन्न तर्क हुने गरेका छन्। केहीले भन्ने गरेका छन्– मुलुक संघीय संरचनामा गएपछि संघले, प्रदेश र स्थानीय तहलाई हस्तक्षेप गरिरहनु आवश्यक छैन, त्यसैले प्रदेश सचिव प्रदेशबाटै र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहकै हुनुपर्छ। अर्को मत के छ भने प्रदेश र स्थानीय तहहरू आर्थिक रूपले स्वायत्त र सक्षम भइसकेका छैनन्। संघले नै प्रदेश र स्थानीय तहमा वित्तीय अनुदान दिने भएपछि दोहोरो प्रतिवेदन प्रणालीका लागि प्रदेश र स्थानीयको प्रशासन प्रमुख संघबाट हुनुपर्छ।

यसमा संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक अन्तरसम्बन्धभन्दा पनि विभिन्न सेवा, समूह र श्रेणीका कर्मचारीको आआफ्नै स्वार्थ अन्तरनिहित छ। संघका कर्मचारीलाई प्रदेश र स्थानीय तहमा संघको दरबन्दी कटौती भयो भने बढुवा हुन लागेका कर्मचारीको बढुवा तथा वृत्ति विकासमा असर पर्ने हुँदा प्रदेश सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतसहित संघका दरबन्दी अधिकतम हुनुपर्ने पक्षमा छन्। उता स्थानीय र प्रदेशका कर्मचारी आफ्नो वृत्ति विकासका लागि सबै कार्यकारी पद सम्बन्धित प्रदेश र स्थानीय तहकै हुनुपर्छ भन्छन्।

ऐनमा कर्मचारीको अवकाश उमेर ६० वर्ष राख्ने प्रस्ताव गरिएको छ। अवकाश उमेर ६० वर्ष भएमा ५८ वर्ष कार्यकाल पूरा गरेर अवकाश पाउनै लागेका सचिवहरू थप दुई वर्ष सचिवमै कार्यरत हुनेछन् । त्यतिवेला सचिवका लागि बढुवा पर्खेर बसेका वरिष्ठ सहसचिवहरू बढुवा हुने सम्भावना न्यून हुनेछ । कतिपय सचिव बढुवाको मुखैमा रहेका वरिष्ठ सहसचिवहरूले बढुवा नभई अवकाश पाउनेछन्। यसमा अवकाश पाउनै लागेका सचिव र बढुवा हुनै लागेका वरिष्ठ सहसचिवहरूको स्वार्थ बाझिएको छ।

अर्कातर्फ निजामती ट्रेड युनियनको स्वार्थ पनि यसमा गाँसिएको छ। सत्तापक्ष ट्रेड युनियनहरूले समर्थित सरकारकै पालामा ऐन पारित गर्न प्रयत्न गर्ने र ऐन पारित गर्दा वर्तमान सरकारलाई जस जान्छ भनेर प्रतिपक्षी पार्टी समर्थक ट्रेड युनियनले जसरी भए पनि ऐन पारित गर्न नदिने बाटो खोजिरहेका छन् । यसका साथै, ऐनमा प्रस्ताव गरिएको ट्रेड युनियनसम्बन्धी व्यवस्थाले निजामती सेवामा दलीय राजनीतिलाई पुनः बढावा दिएको देखिन्छ। ऐनमा प्रस्ताव गरिएअनुसार ट्रेड युनियनको दर्ता श्रम तथा रोजगार विभागमा हुने र ट्रेड युनियनका सदस्यले छनोट गरेका पदाधिकारी रहने गरी एक आधिकारिक ट्रेड युनियन गठन हुने व्यवस्था छ।

कर्मचारीले चुनेका पदाधिकारीबाट आधिकारिक ट्रेड युनियन गठन हुने व्यवस्था राख्नुपर्नेमा पार्टीका छुट्टाछुट्टै ट्रेड युनियन दर्ता गर्न दिने र ट्रेड युनियनकै सदस्यले पदाधिकारी छान्ने व्यवस्था गरेर निजामती सेवालाई राजनीतिक दाउपेचको अखडा बनाउने स्वार्थपूर्ण व्यवस्था गरिएको छ। नीति निर्माणमा पारदर्शिता अत्यावश्यक हुन्छ। तर, यो ऐनको अन्तिम मस्यौदा कुन हो र संसदमा कस्तो अवस्थामा पेस हुन्छ भन्ने नै यकिन छैन। एउटा निकायबाट भएको अन्तिम मस्यौदालाई अर्को निकायमा सुझाव र प्रतिक्रियाका लागि पठाउँदा तत्तत् सेवा समूहका कर्मचारीको स्वार्थअनुकूल छाँटकाँट गरिन्छ भन्ने चर्चा अन्यथा नहोला। यस ऐनको मस्यौदा तर्जुमामा नीति अध्ययन प्रतिष्ठानको कम सक्रियताले पनि ऐनको मस्यौदा तयारी कर्मचारीको पोल्टाबाहिर जान सकेको छैन र उनीहरूभित्रकै स्वार्थ समूहको घनचक्करमा फसेको छ भन्ने पुष्टि हुन्छ।

साथै संघीय निजामती सेवाको सञ्चालन तथा निजामती कर्मचारीको व्यवस्थापनको जिम्मेवार निकाय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव र नेपाल सरकारको नीति, कार्यक्रम वा निर्णयको प्रशासनिक समन्वय गर्ने जिम्मेवारी लिएका मुख्य सचिवले निःस्वार्थ रूपले भूमिका निर्वाह गरेको देखिँदैन। सचिवहरू राजनीतिज्ञलाई रिझाएर कसरी अन्य आकर्षक मन्त्रालयको सचिवमा सरुवा हुने भन्ने र मुख्य सचिवले अवकाशपछि राजनीतिक नियुक्तिका पद कसरी हत्याउने भन्ने ध्याउन्नमा लाग्ने गरेकाले पनि संघीय निजामती सेवा ऐनको कामले सार्थकता पाउन सकेको छैन। त्यसैले संघीय निजामती सेवा ऐन कर्मचारीतन्त्रको उच्च नेतृत्वमा रहेका विभिन्न स्वार्थ समूहको दोहोरो कोपभाजनमा परेको छ भन्दा अतिशयोक्ति नहोला।

**प्रशासनिक संघीयतामा राजनीतिक उदासीनता :**

शासन सञ्चालनमा जब राजनीति कमजोर हुन्छ, तब कर्मचारीतन्त्रले रजाइँ गर्छ। मुलुकमा संविधानसभामार्फत संविधान जारी भई संघीय शासन प्रणाली लागू भए पनि निजामती सेवालाई परिवर्तित राजनीतिक प्रणालीअनुरूप रूपान्तरण गर्न नसक्नुमा प्रशासनिकभन्दा राजनीतिक नेतृत्वको अक्षमता बढी जिम्मेवार छ। शासन सञ्चालनको परिचालक राजनीति हो। राजनीतिक नेतृत्वले प्रशासनिक संघीयतालाई पूर्ण अपनत्व नलिएको र आत्मसात् नगरेकै कारण प्राशासनिक संघीयता अलमलमा परेको हो।

समयमै कर्मचारी व्यवस्थापन नहुँदा मुलुकले जुन गतिसाथ विकासको कदम चाल्नुपर्थ्यो, त्यो हुन सकेको छैन। संघीयतापश्चात् मुलुकको शासन प्रणालीमा बृहत् रूपान्तरण भए पनि हाम्रो चेत पुरानै अञ्चल र विकास क्षेत्रकै हैसियतभन्दा माथि उठ्न सकेन। यदि त्यसो हुँदैनथ्यो भने अहिलेको कठिनाइ सिर्जना हुने थिएन। संघीयताअनुसार राजनीतिक संरचना बन्यो, तर त्यसमा काम गर्ने मान्छेबारे राजनीतिकस्तरबाट महत्व दिइएन। कर्मचारी भनेको जहाँ खटायो, त्यहीँ जाने समूह हो, नगई हुन्न भनेर हल्का ढंगले सोचियो।

फलस्वरूप अहिले २०० भन्दा धेरै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतलगायत स्थायी कर्मचारीको हाहाकार छ। खटिएर गएका कर्मचारीमा पनि काम गर्न चाहिने मनोबल र उत्साह न्यून छ। जनप्रतिनिधिका लागि लेखा उत्तरदायी कानुनको अभाव छ। आदेशात्मक कारण सोझा कर्मचारी मारमा छन्। प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने कि नगराउने भन्ने विषयमा विवाद भएर केही ठाउँमा ज्यानै गएको अवस्था छ।

संघमा अनावश्यक दरबन्दी थुपारिएका छन्, कर्मचारी कामविहीन छन्, तर प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव छ। कर्मचारीको उचित व्यवस्थापन नहुँदा सबै तहका सरकारी बजेटमा चालू खर्च चुलिएको र पुँजीगत खर्च टाक्सिएको अवस्था छ। संघीयता कार्यान्वयनमा निजामती सेवा ऐन, २०४९ निष्प्रभावी भएको छ। यसले दैनिक सामान्य प्रशासन सञ्चालनमा समेत सामर्थ्य राख्दैन।


त्यसैले, प्रशासनिक संघीयता कार्यान्वयनमा निजामती सेवा करिब-करिब कानुनविहीन अवस्थामा छ। प्रदेशहरूले आआफ्नै निजामती सेवा ऐन जारी गरेर कार्यान्वयन थालिसकेका छन्। संघीय कानुनविनै जारी भएका प्रदेश कानुनको वैधानिकता के हुने भन्ने अझैं अन्योल छ। यस्तो अवस्थामा समेत परिस्थितिलाई राजनीतिक नेतृत्वले काबुमा राख्न नसक्नु र कर्मचारीका स्वार्थमा संघीय निजामती सेवा ऐन अल्झिनु निर्लज्जताको पराकाष्ठाबाहेक अरू के हुन सक्छ ? यो अवस्था हेर्दा संघीय सरकार तथा राजनीतिक नेतृत्व उदासीन मात्र होइन, गैरजिम्मेवारसमेत देखिएको छ।

बहस नै गर्न पनि तथ्यहरूको अभाव छ। यतिका वर्षसम्म संघीय शासन प्रणालीमा संगठन संरचना के हुने र निजामती सेवा कस्तो हुने भन्ने विषयमा तथ्यगत अनुसन्धान भएन। प्रशासकीय अदालतका अध्यक्षको संयोजकत्वमा २०६९ मा गठित प्रशासन सुधार सुझाव समितिले दिएको प्रतिवेदनकै आधारमा प्रशासनिक संघीयताको संरचनागत खाका बनाइयो। जुन प्रतिवेदन अनुसन्धानका विज्ञद्वारा बनाइएको थिएन, त्यसैले संघीय शासन प्रणालीअनुरूपको प्रशासन सुधारको रूपरेखा प्रक्षेपण गर्ने अवस्था थिएन। अर्को रोचक त के छ भने संघीय निजामती सेवा ऐन २०७६ मै संसदमा प्रस्तुत भई संसदीय समितिमा पटक-पटक छलफल भएर निष्कर्षमा पुग्न नसकेर थन्किएको थियो। त्यसयता पनि चार वर्ष व्यतीत भएको छ। यसबीच समस्याको कारण के भन्ने विषयमा तथ्य प्राप्त गर्ने कुनै अनुसन्धान र अध्ययन भएन। जसले जे जानेको छ र जसलई जे चाहिन्छ, त्यसकै आधारमा तर्कवितर्क गर्ने गरिएको छ। नीति बहसका लागि यो तरिका उपयुक्त होइन। कर्मचारी शासन सञ्चालनको साधन र राजनीतिक नेतृत्व सञ्चालक हो। राजनीतिले कर्मचारीतन्त्रलाई व्यवस्थाअनुकूल रूपान्तरण गर्न ढिला गर्नु नै राजनीतिक नेतृत्वको उदासीनता हो।

नागरिकले सरकारलाई नजिकबाट देख्ने, छाम्ने, भोग्ने र अनुभूत गर्ने स्थायी माध्यम नै निजामती सेवा हो। संघीय शासन प्रणालीको सफलता निजामती सेवाको कार्यकुशलता, व्यावसायिकता र सेवाप्रवाहको प्रभावकारितामा भर परेको हुन्छ। संघीय निजामती सेवा ऐन निजामती सेवालाई रूपान्तरण गर्ने ठूलो अवसर पनि हो। जसरी नेपालमा पहिलोपटक निजामती सेवा ऐन, २०१३ जारी भएपश्चात् सार्वजनिक सेवा सञ्चालनको विधिवत् सुरुवात भयो, त्यसरी नै संघीय निजामती सेवा ऐन मुलुकको निजामती सेवा सक्षम, सुदृढ, जनविश्वासयुक्त, व्यावसायिक तथा उत्तरदायी संयन्त्रका रूपमा रूपान्तरण हुन कोसेढुंगा बन्नुपर्छ, अनि मात्र संघीय शासन प्रणालीको पूर्ण अनुभूति हुन सक्छ। यसका लागि उच्च सुझबुझसहितको दृढ राजनीतिक प्रतिबद्धता र त्याग तथा समर्पणसहितको प्रशासनिक इमानदारी जरुरी छ।

नयाँपत्रिकाबाट

# झिनो अङ्कले घट्यो नेप्से



काठमाडौं। बुधबारको सेयर बजारमा झिनो अङ्कले सूचक घट्दै बजार बन्द भएको छ। यस दिन नेप्से सूचक ०.८७ अङ्कले घट्दै २ हजारको अङ्कमा अडिएको हो। यस्तै कारोबार समेत जम्मा २ अर्ब ३ करोड ८१ लाखमा सीमित हुन पुगेको नेपाल स्टक एक्सचेञ्जले जनाएको हो।

२४८ कम्पनीको सेयर दोस्रो बजारमा कारोबार भएकोमा अधिकतम १७० वटा कम्पनीको सेयर मूल्य घटेको छ भने ७१ कम्पनीको बढेको र ७ कम्पनीको स्थिर रहेको नेप्सेले जनाएको छ। विशाल बजार कम्पनी, बोटलर्स नेपाल (बालाजु), बोटलर्स नेपाल (तराई) र बीपीडब्लू लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा भने सकारात्मक सर्किट लागेको छ। कूल १३ उपसूचकहरू मध्ये होटल तथा पर्यटन, इन्भेस्टमेन्ट, म्यानु एण्ड प्रो, म्युचुअल फन्ड, अन्य समूहको उपसूचक र ट्रेडिङबाहेक अन्य ७ वटा उपसूचक ऋणात्मक भएका छन्।

### तिताउ...

चराको बासस्थान रुपमा चिनिने जगदीशपुर ताल, २० हजारी ताल, घोडाघोडी ताल, पोखराका ताल क्षेत्र र कोशी टप्पु वन्यजन्तु आरक्षमा गणनाको काम सकिएको छ । चितवनका केही क्षेत्र र कैलालीमा अन्तिम चरणमा पुगेको छ। अन्तिम नतिजा भने आउन केही समय लाग्न सक्ने बराल बताउँछन्। कोशीटप्पुमा गत वर्ष कोशी पन्छी समाजले गरेको गणनामा सात हजार ६०० को संख्यामा जलपन्छी रहेको पाइएको थियो। खेतबारीमा हालिने विषादीका कारण मरेका किराफट्याङ्ग्रा खाएर चराहरूको प्रजनन् क्षमता कमजोर हुँदै गएको विज्ञहरूको अनुमान छ। बासस्थान साँघुरिँदै जाँदा पनि जलपन्छीको संख्या घट्दै गएको छ।

संसारभर पाइने ८९२ चरा प्रजातिमा झण्डै २०० प्रजातिका जलपन्छी नेपालमा पाइन्छन् । अहिलेसम्म अभिलेख गरिएका ४३ दुर्लभ पन्छी प्रजातिमा विश्वकै दुर्लभ १२ प्रजातिका जलपन्छी छन्।

भारतीय महाद्विपमा अन्तर्राष्ट्रिय संस्था ‘वेटल्यान्ड इन्टरन्याशनल’ले सन् १९८७ देखि पन्छी गणना थालेको हो । सुरुआतमा अफगानिस्तान, जापान, दक्षिण कोरिया र अस्ट्रेलियामा जलपन्छी गणना गरिएको थियो । नेपालमा जलपन्छीको गणना सन् १९८७ देखि सुरु भएको हो।

**जगदीशपुर तालमा घटे चरा**

कपिलवस्तुको जगदिशपुर तालमा पछिल्लो पाँच वर्षमा झण्डै ६० प्रतिशत जलपंक्षी घटेको चराविद्ले जनाएका छन् । चरा गणनामा संलग्न चराविद्हरूका अनुसार जगदिशपुर तालमा हरेक वर्ष जलपंक्षीको संख्या घटिरहेको छ।

सन् २०१८ मा यो तालमा ४३ प्रजातिका २३ हजार जलपंक्षी गणना भएका थिए । २०२४ मा आइपुग्दा जलपंक्षीको संख्या झण्डै १४ हजार घटेको छ।

पछिल्लो गणनाअनुसार सबैजसो ताल तथा सिमसारहरूमा जलपंक्षीको संख्या घटिरहेको देखिएको हो। सन् २०१८ मा २३ हजार जलपंक्षी रहेको जगदिशपुर तालमा पाँच वर्षपछि गणना गर्दा अहिले ९ हजारमा झरेको छ।

चराविद् तथा नेपाल पंक्षी संरक्षण संघका फिल्ड अधिकृत ईश्वरीप्रसाद चौधरीसहितको टोलीले गत माघमा जगदिशपुरसँगै रूपन्देही, कपिलवस्तु र नवलपरासीका विभिन्न तालहरूमा गणना गरेको थियो।

त्यसअघि सन् २०२० मा जगदिशपुरमा २ हजार दुई सय हाराहारी घटेर २० हजार ८ सय ७ गणना भएकोमा सन् २०२१ मा एकैपटक आठ हजार ७ सय ४४ चराहरू घटेको देखिएको थियो। सो वर्ष जम्मा १२ हजार ६३ मात्र पानी चराहरू गणना भएका थिए । त्यसपछि पनि हरेक वर्ष तालमा चराहरू घटिरहेका छन् । चौधरीका अनुसार जगदिशपुरमा २०२२ मा ९ हजार ८ सय ३७ र २०२३ मा ९ हजार ४ सय ८७ चरा गणना भएका थिए। चराविद् चौधरीले पहिलेजस्तो चराहरूको चोरी शिकारी घट्दै जाँदा पनि पाँच वर्षमा एउटै तालमा ६० प्रतिशत चराहरू घट्नु चिन्ताको विषय भएको बताए।

### सुस्तालाई...

त्रिवेणी सुस्ता गाउँपालिकाकालाई उक्त पालिकाका बाँकी वडाहरु राखी सुस्ता गाउँपालिका कायम गरिएको छ।

साविक त्रिवेणीसुस्ता गाविसको वडा नं. ४ लाई मात्रै सुस्ता गाउँपालिकामा राखेर सुस्ता गाउँपालिका कायम गरी उक्त पालिकालाई लुम्बिनी प्रदेशमा राखेको देखिएको छ।

‘यसरी हालको भौगोलिक वर्गीकरण हेर्दा माथि उल्लेख गरिएका पालिकाका सीमा तथा वडा निर्धारण सम्बन्धि प्रतिवेदनभन्दा भिन्न हुने गरी विनयी-त्रिवेणी र सुस्ता गाउँपालिका कायम गरी विनयी-त्रिवेणी गाउँपालिकालाई गण्डकी प्रदेश र सुस्ता गाउँपालिकालाई लुम्विनी प्रदेशमा कायम गरेको देखिन्छ।’- एमालेले दर्ता गराएको संकल्प प्रस्तावमा भनिएको छ । भूगोल परिवर्तन गर्न संघीय सरकारको निर्णय भएर नेपाल राजपत्रमा प्रकाशित भएको पनि नदेखिएको अधिकारीले बताए। प्रदेश सरकारको सीमा नै परिवर्तन भएको निर्णयको विषयमा गण्डकी प्रदेश सरकारसँग कुनै अभिलेख समेत नरहेको अवस्थामा संकल्प प्रस्ताव दर्ता गरेर फिर्ता ल्याउने प्रक्रिया थालिएको अधिकारीको भनाइ छ।एमालेका सांसदबाट संकल्प प्रस्ताव दर्ता भए पनि ७ दिनपछि मात्र सभामुखको अध्यक्षतामा बस्ने कार्यव्यवस्था समितिमा छलफल भएर अगाडिको प्रक्रिया तय हुने संसद सचिवालयका उपसचिव तथा सूचना अधिकारी प्रेम सुवेदीले जानकारी दिए।

### कालीगण्डकी...

२०७८ असार १२ गते पौडेल अर्थमन्त्री भएका बेला बुटवलमा कालीगण्डकी आयोजनाको कार्यालय स्थापना गरेका थिए। कार्यालय उद्घाटन भएपछि गण्डकी र लुम्बिनी प्रदेशबीच पक्ष/विपक्षमा बहस पेचिलो बन्दै आएको छ।

गण्डकीका नेताहरु भने यो परियोजनाको विपक्षमा छन् । एमालेकै उपमहासचिव तथा गण्डकीका पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, अर्का पूर्वमुख्यमन्त्री खगराज अधिकारी, कांग्रेस नेता तथा पूर्वमुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र हालका मुख्यमन्त्री सुरेन्द्र पाण्डे पनि कालीगण्डकी डाइभर्सनको विपक्षमा छन्।

# विद्यार्थीले उत्पादन गरेको च्याउ बजारमा

गलेश्वर (म्याग्दी) । प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरु पढाइका अतिरिक्त आम्दानीसँग पनि जोडिएका छन् । मङ्गला गाउँपालिका-२ स्थित मङ्गला माध्यमिक विद्यालय र मालिका गाउँपालिका-७ बिममा सञ्चालित किसानी कृषि प्राविधिक शिक्षालयमा बाली विज्ञान विषय अध्ययनरत विद्यार्थीले तरकारी, फलफूल च्याउ उत्पादन गरी बिक्री गरेर आम्दानी गर्न थालेका हुन् । मङ्गला माविमा प्राविधिक धार कक्षा (९-१२) मा बाली विज्ञान विषयमा पढाइ सुरु भएपछि विद्यार्थी कक्षा कोठाबाहेक खेतबारीमा समेत पुगेर च्याउ उत्पादन गरी बाबियाचौरमा बिक्री गर्दै आएका विद्यालयका प्रधानाध्यापक गमबहादुर खत्रीले जानकारी दिए । बजारमा विद्यार्थीले उत्पादन गरेको च्याउलाई 'विद्यार्थी च्याउ' पनि भन्ने गरिएको छ ।

विद्यालयले प्रयोगात्मक अभ्यासका लागि जग्गा भाडामा लिएर च्याउ खेती सुरु गरेका हुन् । सो विद्यालयका प्रधानाध्यापक खत्रीका अनुसार विद्यार्थीले उत्पादन गरेको च्याउ बजारमा प्रतिकेजी रु एक सय २५ मा बिक्री वितरण हुँदै आएको छ ।

"विद्यार्थीले उत्पादन गरेको च्याउ अहिले बाबियाचौर बजारमै खपत हुने गरेको छ, विद्यार्थीलाई आवश्यक कृषि औजारदेखि बीउबिजन सबै उपलब्ध गराउँछौं, विद्यार्थीले लगाएको च्याउको बजार खोज्न समेत सघाउछौँ ।"- प्रअ खत्रीले भने ।

विद्यालयमा आधुनिक कृषि प्रणाली र उत्पादनका बारेमा सिकेको ज्ञान परम्परागत खेती गर्दै आएका अभिभावकलाई समेत सिकाउने गरेको प्रअ खत्रीको भनाई छ । गत माघदेखि च्याउ उत्पादनमा लागेका विद्यार्थीले फागुनको पहिलो सातादेखि बिक्री गर्न थालेका छन् ।

बाली विज्ञान अध्ययनरत ४४ जना विद्यार्थीले सामूहिकरुपमा च्याउ खेती गरेका छन् । विद्यार्थीको समय कक्षाकोठा र खेतबारीमा धेरै बित्ने गरेको छ । गाउँमै बाली विज्ञान पढ्न पाएकामा विद्यार्थी खुसी छन् ।

एक महिनामै उत्पादन गरी बजारमा लैजान सकिने र थोरै लगानीमा प्रशस्तै आम्दानी गर्न सकिने भएकाले च्याउ खेतीका लागि समुदायलाई समेत सन्देश प्रवाह गरेको विद्यार्थी दीपेश थापाले बताए । आइतबारसम्म बारीबाटै १७ केजीभन्दा बढी च्याउ बिक्री गरिएको उनको भनाइ छ ।

नेपाल सरकारको नमूना विद्यालय मङ्गला माविले भाडामा लिएको दुई रोपनी जग्गामा यहाँ अध्ययनरत विद्यार्थीले च्याउ, बैमौसमी तरकारी, टमाटर, प्याजको बीउलगायत उपज फलाउने गरेका छन् । विद्यालयमा २०७६ सालमा नेपाल सरकारबाट कृषि विज्ञान सञ्चालनको अनुमति पाई नियमित पढाइ भइरहेको छ । रासस

# नेपालगञ्ज-गुलरिया सडक विस्तार तीव्र

राँझा (बाँके) । नेपालगञ्ज-गुलरिया हुलाकी सडक विस्तारको काम एक वर्षमै ५७ प्रतिशत सम्पन्न भएको छ । एघार दशमलव ६० किलोमिटर चार लेन र १६ दशमलव दुई किलोमिटर दुई लेनगरी २७ दशमलव ६२ किलोमिटर लामो सडक विस्तार २०८२ मङ्सिर २७ गते तीन वर्षमा सम्पन्न हुनेगरी गत वर्ष माघ १५ गतेदेखि निर्माण सुरु भएको थियो ।

एक वर्षको अवधिमा ५७ प्रतिशत काम सम्पन्न भएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लीलाबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार काम गरेअनुसारको भुक्तानी समयमै दिन सकेमा निर्धारित समयभन्दा एक वर्ष पहिले नै सम्पन्न हुने भएको छ । निर्माण कम्पनीले तोकिएको समयभन्दा अगाडि नै काम सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

निर्माण कम्पनीले मूल्य अभिवृद्धि करबाहेक रु दुई अर्ब ७८ करोड २९ लाखमा नेपालगञ्ज-गुलरिया सडक विस्तार निर्माणको जिम्मा पाएको हो । निर्माण कम्पनीका प्रबन्ध निर्देशक रमेश शर्माले समयमै भुक्तानी प्राप्त भएमा एक वर्षभित्र सम्पन्न गर्नेगरी काम गरिएको बताए । निर्माण कम्पनीले यस वर्ष कम्तीमा २० किलोमिटर सडक कालोपत्र गर्नेगरी काम अघि बढाएको शर्माले जानकारी दिए । नेपालगञ्ज-गुलरिया सडक विस्तारकार्यको भौतिक प्रगतिको आधा २७ प्रतिशतमात्र कामको भुक्तानी दिन सकिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख भण्डारीले जानकारी दिए । उनका अनुसार निर्माण कम्पनीले काम गरी भुक्तानीका लागि पेस गरेको रु ४४ करोडको बिलअनुसारको भुक्तानी हुन बाँकी रहेको छ । बजेट अभाव कायमै रहेमा निर्माणाधीन योजनामा प्रभाव पर्ने देखिएको छ । रासस


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्था तथा अभिलेख विभाग**

## मालपोत कार्यालय, अर्घाखाँची

मिति २०८०।११।१६

**मालपोत कार्यालय अर्घाखाँचीबाट निवेदक मृतक तिमी खनालको नाउको जग्गा श्रेस्ता कायम सम्बन्धी विषयमा मिति २०८०/११/१६ मा जारी भएको २१ दिने सूचना।**

यस्मा जिल्ला अर्घाखाँची साविक हंशपुर गा.वि.स. वडा नं. ६ हाल मालारानी गा.पा. वडा न. ६ बस्ने शालिकरामको बुहारी इश्वरीको श्रीमती तिमी खनालको नाममा रहेको जिल्ला अर्घाखाची हंशपुर गा.वि.स. वडा नं. ६ मा दर्ता रहेको जग्गाधनी प्रमाणपूर्जा अनुसारको जग्गा श्रेस्ता कायम गरी पाउँ भनी निजको छोरा रोमाहर्ष खनालले यस कार्यालयमा निवेदन दिएका हुँदा माग बमोजिम जग्गा निजके हकभोग भित्रको हो वा होईन ? निजले यस कार्यालयमा मिसिलसाथ पेश गरेको सकल जग्गाधनी प्रमाणपुर्जा अनुसार तिमी खनालको नाममा श्रेस्ता कायम गरिदिँदा अन्य कुनै व्यक्तिको जग्गा पर्छ वा पर्दैन ? उक्त जग्गा मध्ये कुनै सरकारी सार्वजनिक प्रकृतिको हो वा होइन ? हालसम्म निज वा निजका बाबु/आमा/पति/पत्नी छोरा छोरी नाति/नातिनीले नै उक्त जग्गा भोग चलन गरेका छन, छैनन् ? जग्गाधनीको नाममा उक्त जग्गा कुनै पनि व्यहोराले (राजिनामा/बकस पत्र/दानपत्र) लगायत हक हस्तान्तरण भएको छ माग भए बमोजिम श्रेस्ता कायम गरिदिया कसैको हक मेटिन्छ, मेटिदैन ? माथि भनिएको व्यहोरा अनुसारको जग्गा तिमी खनालको नाममा श्रेस्ता कायम गर्न मिल्ने वा नमिल्ने ? यहि नमिल्ने भए प्रमाण सहित २१ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा श्रेस्ता कायम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | हंशपुर | ६ | ७१४ | ३-११-०-२ | खर | |

**रमेश न्यौपाने**
**कार्यालय प्रमुख**

**Tilottama Municipality**
**Manigram,Rupandehi**

## Invitation for Only Electronic Bids

**Date of Publication: 2080/11/17**

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids from eligible bidders for following projects.

| S.N. | Name of Project &Contract ID. | Estimated Amount With VAT And PS | Price Of Bid Document | Bid Security Amount & Bid Security Validity Period | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|
| 1. | Pushpa path Sadak Nirman Yojana, Tilottama-5, Rupandehi Contract ID : NCB/TM/W/43/080/81 | NRs. 24,37,311/- | NRs.3,000/- | NRs.65,000/- & 120 Days | 2080-11-29, before 12:00 hrs and 13:00 hrs Respectively for SQ and 2080-12-14, before 12:00 hrs and 13:00 hrs Respectively for NCB | Name Of Account:- : Tilottama Municipality ,Office of Municipal Executive, Manigram,Rupandehi **Account Details**. NIC Asia Bank, Manigram, Rupandehi Rajaswa (Revenue) Khata no:- 1052055499599012, Dharauti Khata no:- A5CA 549959952403 |
| 2. | Buddha Path Dekhi Milan Path Kalopatre , Kotahi Path Starunnati, Kanchhibajar Dekhi Uttar Mainahawa Jane Bato Satarronnati Dhalan, Tilottama-10, Rupandehi Contract ID : NCB/TM/W/44/080/81 | NRs. 24,37,130/- | NRs.3,000/- | NRs.65,000/- & 120 Days | | |
| 3. | Shanischri Path Bebari Staronnati Dhalan, Park Path Bebari Dhalan, Ward Karyalaya Jane Sadak Starunnati, Tilottama-10, Rupandehi, Contract ID : SQ/TM/W/45/080/81 | NRs. 17,54,444/- | NRs.1,000/- | NRs.45,000/- & 75 Days | | |
| 4. | Shree Janata madhyamik Bidhyalay Purwadhar Nirman, Tilottama-12, Rupandehi Contract ID : SQ/TM/W/46/080/81 | NRs. 11,73,949/- | NRs.1,000/- | NRs.30,000/- & 75 Days | | |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np)Tilottama Municipality, Office of Municipal Executive ,Manigram, Rupandehior may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid/quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**

**Tinau Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Dobhan , Palpa**

## Notice of Invitation For Bids.

**Publication Date: 2080/11/17**

1. Tinau Rural Municipality Dobhan, Palpa invites electronic Bid from Nepalese eligible bidders for Supply and Delivery of Medicine and Surgical Items(PhaseII). & Procurment Supply And Delivery Of Electrical & stationery Items For Office Purpose under SQ Procedure Respectively.
2. Interested eligible Biddersor Suppliers may obtain further information From the office of Tinau Rural Municipality Phone No:075413064/9857077098 Email: tinaururalmunicipality@gmail.com or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp before 12:00 hrs. on For SQ 02 Chaitra 2080 and Bid Opening will be held on same day at 13:00Hrs on Rural Municipal Office. Bids received after this deadline will be rejected.

| Contract Number | Description of Works | Estimated Amount (With VAT & PS) | Bid Security Amount(NRs) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|
| TRM/SQ/ GOODS/04/ 2080-081 | Procurment Supply And Delivery Of Electrical & stationery Items For Office Purpose. | 19,31,553.00/- (With VAT) | 50,000/- | 1,000/- | Online EBid. (SQ) |
| TRM/SQ/ GOODS/05/ 2080-081 | Supply and Delivery of Medicine and Surgical Items(PhaseII). | 12,00,593.67/- (With VAT) | 30,000/- | 1,000/- | Online EBid. (SQ) |

4. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Information to deposit the cost of bidding document in Bank:
   *Name of the Bank: Laxmi Sunrise Bank Limited.*
   *Name of Office: Office of Tinau Rural Municipality*
   *Office Code no. : 40-365-13 Rajasho Shirsak Num :-14229040.*
   *Office Account No:08103000028(For Bid Fee), Office Account No.:08103000185(For Bid Security)*

**Cheif Administrative Officer**

**Buddhabhumi Municipality**
**Office of Municipal Executive**
**Hanumanchowk, Buddhi Kapilvastu**
**Lumbini Province**

## Invitation for Electronic Bids

Date of second publication: 29thFeb.2024

1. The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk, Buddhi Kapilvastu invites electronic bids from eligible bidders for the procurementof following goods. The bidders can visit the PPMO website for the brief description with Public Entity name: Buddhabhumi Municipality Office, Kapilbastu.

| S.N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive/ Exclusive VAT) (NRs.) | Bid Security (NRs.) amount | Account No.For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. | Final Date of Bid Submission and time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 33/BM/POG/080/81 | Purchases Of Hand pump Accessories | 925967.71 ( Inclusive VAT) | 23150.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , Sthaniya Taha Dharauti Khata 0440055997600041 | 1,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, Antarik ' Rajaswo Khata 0440055997600012 | 15th Mar,2024 12:00 Pm |

2. Pre-bid meeting shall not be held.
3. Bid opening date 15th Mar,2024 at 13:00 ,office of Buddhabhumi Municipality Office, Kapilbastu
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

साइ ग्लोबल कप:

# न्यू होराइजन 'ए' विजयी, कान्ति डिसक्लालिफाइड




भैरहवा । जिल्लास्तरीय 'अन्तर कलेज साइ ग्लोबल कप टी-२० क्रिकेट प्रतियोगिता' मा सेन्टजोसेफ इङ्गलि बोर्डिङ हाई स्कूल र न्यु होराइजन 'ए'ले सफलता हात पारेका छन् । बुधबार कान्ति मावि र सेन्टजोसेफबीच पहिलो खेल भइरहेका बेला कान्तिले ५ जना बाहिरी खेलाडी खेलाएको पाइएपछि कान्तिलाई प्रतियोगिताबाट डिसक्लालिफाइड गर्दै हटाइएको छ । कान्ति प्रतियोगिताबाट हटाइएसँगै सेन्टजोसेफ स्वतः अघिल्लो चरणमा प्रवेश गरेको छ । न्यू होराइजन 'ए'ले भने राममणि क्याम्पसलाई ५ रनले पराजित गर्दै जित हात पारेको छ ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा गरेको न्यू होराइजन 'ए'ले निर्धारित २० ओभरको खेलमा ६ विकेट गुमाउँदै १ सय ५२ रनको बलियो स्कोर खडा गर्‍यो । उसका लागि विशाल भुसालले ४३, अमर मिश्राले ३५, निश्चल ज्ञवालीले ३२ र संगम पाण्डेयले २२ रनको योगदान दिए । बलिङमा राममणिका श्याम चौहानले ३ तथा हिमाल थापा र मनिष थापाले समान १-१ विकेट लिए ।

जवाफमा मैदानमा उत्रिएको राममणिले निर्धारित खेलमा ५ विकेटको नोक्सानीमा १ सय ४७ रन बनायो र ५ रनले हार व्यहोर्‍यो । उसका लागि थमन सिंजालीले अविजित ६९ रनको अर्धशतकीय पारी खेले पनि टिमलाई जित दिलाउन सकेनन् । यस्तै, विकल अधिकारीले २५ र मनिष थापाले २२ रन जोडे । बलिङमा न्यू होराइजन 'ए'का निर्मल गुरुङले २ तथा अमर मिश्राले १ विकेट लिए । खेलमा होराइजनका विशाल भुसाल म्यान अफ द म्याच घोषित भए ।

रुपन्देही क्रिकेट संघको आयोजना तथा भैरहवामा रहेको साइ ग्लोबल एकेडेमीको प्रमुख प्रायोजनमा जारी प्रतियोगिताको विजेता टिमले नगद ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, उपविजेता टिमले नगद २५ हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र, प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ, ट्रफी र प्रमाणपत्र पाउने छन् । यस्तै, म्यान अफ द सिरिजले ५ हजार, बेस्ट ब्याटरले २ हजार ५ सय र बेस्ट बलरले २ हजार ५ सय रुपैयाँका साथै ट्रफी र प्रमाणपत्र पाउने छन् । यस्तै, एक अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा जिल्लाका विभिन्न कलेजका २६ टिम सहभागी छन् ।

# विश्वविद्यालयको अतिक्रमित जग्गा फिर्ता ल्याउन पहल

तुलसीपुर (दाङ) । नेपाल संस्कृत विश्वविद्यालयको अतिक्रमित जग्गा फिर्ता ल्याउन पहल थालिएको छ । विश्वविद्यालयको टोलीले जग्गा फिर्ता गर्ने विषयमा सम्बन्धित निकायमा छलफल तथा बहस थालेको हो ।

टोलीले विश्वविद्यालयको जग्गा फिर्ताका लागि सर्वदलीत र सर्वपक्षीय पहल थालिरहेको उपप्रशासक विनयकुमार पोखेलले बताए । उनका अनुसार कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पनि ध्यानाकर्षण गराइएको छ । प्रधानमन्त्री दाहालले आवश्यक अध्ययन गरेर समाधान गर्ने प्रतिबद्धता जनाएको उपप्रशासक पोखेलले बताए । विश्वविद्यालयको दाङका चार स्थानीय तहमा जग्गा छ । तुलसीपुर उपमहानगरपालिका, लमही नगरपालिका तथा गढवा र राजपुर गाउँपालिकामा विश्वविद्यालयको एक हजार छ सय ६२ बिघा जग्गा छ । तीमध्ये लमहीको सतबरियामा एक सय ६८, राजपुरमा एक हजार १३२, तुलसीपुरस्थित बेलभुण्डीमा तीन सय २६ र गढवाको गोबरडिहामा ३६ बिघा जग्गा रहेको उपप्रशासक पोखेलले जानकारी दिए । उनका अनुसार ती सबै जग्गा अतिक्रमणमा परेका छन् ।

विसं २०५७ भन्दाअघि जग्गाको आयस्ता पनि विश्वविद्यालयले पाउने गरेको थियो । त्यसपछि विश्वविद्यालयले कुनै पनि जग्गाको आयस्ता पाउन नसकेको जनाउँदै आएको छ । पहिले आयस्ता बुझाउने सर्त रहे पनि अहिले नबुझाएको उपप्रशासक पोखेलले बताए ।



**नक्कली मोहीले समस्या**

जग्गामा मोही रहे पनि समस्या समाधान गर्न आफूहरु तयार रहेको विश्वविद्यालयका रजिष्ट्रार माधव अधिकारीले जनाए । नक्कली मोही खडा हुँदा समस्या भइरहेको उनको भनाइ छ ।

"खासमा मोही भनेको चार सय आठ बिघा जग्गामा मात्रै हो", अधिकारीले भने-"अहिले नक्कली मोही खडा हुँदा समस्या उत्पन्न भएको छ ।" राजनीतिक दलहरुले समस्या समाधान गर्न चाहेमा समाधान छिटो हुने उनको बुझाइ छ । उनका अनुसार अहिले उक्त जग्गामा ३० वटा पक्की घरसमेत बनिसकेका छन् । विश्वविद्यालयको जग्गा भएको छ धूरमा एक जना मात्रै सुकुम्बासी रहेको भन्दै अरु कोहीपनि सुकुम्बासी नरहेको उनले दाबी गरे । "जग्गामा तेरो/मेरो भन्ने अवस्था सृजना भएको छ", उनले भने-"हामीसँग लालपुर्जा छ । उनीहरुले पनि लालपुर्जा छ भने पनि अहिलेसम्म देखेका छैनौं ।"

**समाधानका प्रयास**

विसं २०७४ मा स्थानीय तहको निर्वाचन हुनुपूर्व जग्गाको विषयमा उत्पन्न समस्या समाधानका लागि विश्वविद्यालयका तीन कर्मचारी खटाएर यहाँका किसानको फाराम भर्ना लगाइएको थियो । किसानको फाराम भरिसकेपछि कार्यालय खोलेर समस्या समाधान गर्न खोजिए पनि स्थानीय चुनाव नजिकिँदै गरेकाले आचारसंहिता लागेपछि कार्यालय खोल्ने अवस्था आएन । त्यतिबेला कार्यालय खोल्ने अवस्था नभएपछि हालसम्म पनि उक्त कार्यालय खुल्न नसकेको विश्वविद्यालयका रजिष्ट्रार अधिकारीले जानकारी दिए । अहिले पनि अतिक्रमण भएको स्थानमा गएर घर नबनाउन पटक-पटक ताकेता गर्ने गरिएको भन्दै विचौलियाले जग्गा किनबेच गरिरहेका उनले बताए । अतिक्रमित जग्गाको विषय समाधानका लागि आयोग बनाएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

# विद्युत् प्राधिकरणको नाफा १५ अर्ब ३६ करोड

काठमाडौं । सार्वजनिक संस्थानमध्ये सबल र सक्षम बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो छ महिनामा रु १५ अर्ब ३६ करोड बराबर नाफा कमाएको छ ।

प्राधिकरणको चालु आवको छ महिनाको वित्तीय विवरण (अपरिष्कृत) अनुसार यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्य आम्दानीबाट कूल रु ६७ अर्ब २८ करोड ७७ लाख आम्दानी गरेको हो । विद्युत् खरिद, प्रशासनिक, आयोजनालगायतमा जम्मा रु ५१ अर्ब ९२ करोड ७१ लाख खर्च भएको छ । प्राधिकरणको मुख्य आम्दानी र खर्च क्रमशः विद्युत् बिक्री र खरिद तथा आयोजनामा हुने गरेको छ ।

प्राधिकरणले समीक्षा अवधिमा रु १५ अर्ब ३६ करोड ६ लाख नाफा (करकट्टी गर्नुअघि) आर्जन गरेको छ । गत आर्थिक वर्ष २०७९/८० को सोही अवाधिमा प्राधिकरणको नाफा रु १० अर्ब ९१ करोड ६० लाख थियो । गत आवको पहिलो छ महिनाको तुलनामा प्राधिकरणको नाफा चालु आवको सोही अवधिमा रु चार अर्ब ४४ करोड ४६ लाखले बढी हो । गत आवको नाफा रु १२ अर्ब ३३ करोड थियो । आव २०७२/७३ मा रु आठ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षबाट निरन्तर नाफामा छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत् चुहावट नियन्त्रण, आन्तरिक रुपमा तथा भारतर्फको विद्युत् निर्यात बढ्दा आम्दानीमा वृद्धि भएको भन्दै खर्च नियन्त्रणलगायतले गर्दा चालु आवको पहिलो छ महिनामा उल्लेख्य नाफा कमाउन सफल भएको बताए ।

"बजेट सीमितताका कारण सरकारबाट लगानीका लागि पर्याप्त रकम पाउन सकिरहेका छैनौं । यस्तो जटिल अवस्थामा संस्थाले कमाएको नाफाबाट विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरण, विद्युतीकरणतर्फका आयोजनामा हरेक वर्ष अर्बौं रुपैयाँ लगानी गरिरहेका छौं ।"-कार्यकारी निर्देशक घिसिङले भने । विद्युत्मा आत्मनिर्भर बन्न, आन्तरिक रुपमा खपत बढाउन र उपभोक्तालाई गुणस्तरीय र भरपर्दो विद्युत् उपलब्ध गराउन उत्पादन, प्रसारण र वितरणतर्फका आयोजनामा आगामी वर्षमा रु १२ खर्बभन्दा बढीको लगानी आवश्यक पर्ने भन्दै नगद प्रवाहका लागि संस्थाको नाफाले नपुग्ने प्राधिकरणको बुझाइ छ ।

प्राधिकरणले चालु आवको छ महिनामा विद्युत् बिक्रीबाट रु ४५ अर्ब ४९ करोड ३८ लाख सङ्कलन गरेको छ । यस अवधिमा देशभित्रका ऊर्जा उत्पादकबाट र भारतबाट आयात गरी रु ३० अर्ब ४८ करोड ५८ लाखको विद्युत् खरिद गरिएको छ । प्राधिकरणका सहायक तथा सम्वद्ध कम्पनीबाट रु २८ अर्ब ४९ करोड ९६ लाख र भारतबाट रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको हो । समीक्षा अवधिमा सरकारमार्फत विनियोजन गरिएको वैदेशिकतर्फ रु नौ अर्ब तीन करोड ८४ लाख खर्च भएको छ । १३ अर्बको विद्युत् निर्यात, दुई अर्बको आयात गरिएको जनाइएको छ । विद्युत् प्राधिकरणको चालु आवको पहिलो छ महिनामा रु १३ अर्ब ३८ करोड ५६ लाखको विद्युत् भारततर्फ निर्यात गरेको छ । सोही अवधिमा रु एक अर्ब ९८ करोड ६२ लाखको विद्युत् आयात गरिएको छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । समीक्षा अवधिमा रु एक अर्ब ४७ करोड ६४ लाख युनिट विद्युत् निर्यात गरिएको छ । सुख्खायाम सुरुभएसँगै नदी तथा खोलानालामा पानीको बहाव घटेर जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटेपछि अहिले देशभित्रको आन्तरिक माग धान्न भारतबाट विद्युत् आयात भइरहेको छ । समीक्षा अवधिमा २२ करोड पाँच लाख युनिट विद्युत् आयात गरिएको छ । वर्षायाम सुरुभएसँग फेरि विद्युत् निर्यात सुरु हुने कार्यकारी निर्देशक घिसिङको भनाइ छ । रासस


## Palpa Durbar Museum
**Palpa**

## Invitation for Online Bids

Date of publication: 2080/11/17(Feb. 29, 2024)

Palpa Durbar Museum, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***

*Name of the Bank: RastriyaBanijya Bank Ltd., Palpa*
*Name of the Office: Palpa Durbar Museum, Tansen, Palpa*
*Rajaswa Account No.: Palpa Durbar Museum (3070050015) 1000200010000 .*
*Bid Validity Period: 90 days*
*Bank details for Bid security (If Cash deposit): Ranstriya Banijya Bank, Palpa, A/C no. Deposite Account 3030100202030000 .*

| S.N | Contract No. | Name of Project | Estimated Amount inclusive VAT | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1 | DUR/PLP/W/ NCB/03/2080-081 | Falcha Construction Work (Durbar Parisar), Tansen, Palpa | 25,88,947.36 | 3000.00 | 65000.00 | 2080/12/18 12.00 Pm (March 31, 2024) |

Head of Office
Palpa Durbar Museum



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख
शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

Our Services/ हाम्रा सेवाहरू:
- Scaling दाँत सफा गर्ने ।
- Restoration फिलिङ्ग गर्ने ।
- Root Canal Treatment (Rct) दाँतको जरैदेखि उपचार ।
- Gingival Treatment गिजाको उपचार
- Tooth Extraction दाँत उखेल्ने
- Simple Surgery साधारण शल्यक्रिया
- Implants दाँत प्रत्यारोपण ।
- Denture (CD, RPD) कृत्रिम दाँत बनाउने ।
- Crown, Bridge दाँतमा खोल लगाउने ।
- Orthodontic Treatement बाङ्गो टेडो दाँत सिधा गराउने ।
- Consultant Prosthodontics द्वारा अनुहारको कस्मेटिक उपचार
- Advance Invisible, Removeble, Comfortable, Clear Orthodontic ALIGNER द्वारा दाँतलाई सिधा बनाउने ।
- Tooth X-ray, IOPA, RVG, OPG, Lateral Ceph, CBCT, मुख दाँत तथा अनुहारको सम्पूर्ण प्रकारको X-ray गरिने छ ।




अन्तर्राष्ट्रिय स्तरको दाँत सम्बन्धी सम्पूर्ण उपचार सेवा
Multispecialist Center
अन्य सेवाहरू:
- मुखको क्यान्सर, अल्सर र दुर्घटनाद्वारा मुखको हड्डीहरु भाँचिएको अप्रेसन ।
- दाँत तथा मुखरोग विशेषज्ञद्वारा दैनिक उपचार गरि न्छ ।
प्रादेशिक अस्पतालको सटर नं. १४ बाट सरेर भुडकीचोक श्रवण पथ बुटवल-६, बाट सम्पूर्ण सेवा
नेपाल सरकारद्वारा पश्चिम नेपालमै पहिलो मान्यता प्राप्त संस्था
आले डेन्टल हस्पिटल प्रा. लि.
दाँत तथा मुखको अस्पताल, श्रवण पथ, रुपन्देही
फोन नं. : ०७१-५३२५४४, ५३०१०८
Email:dentalhospitalale@gmail.com
www.aledentalhospital.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com